# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# "बहिरा आवाज"

वर्ष -०४ अंक - ३३, २०८३ असार


## महासंघको परिचय:

राष्ट्रिय बहिरा महासंघ नेपाल सुनाइ सम्बन्धी अपाङ्गता भएका बहिरा व्यक्तिहरुको हकअधिकार, विकास, सञ्जालीकरण तथा प्रतिनिधित्वका लागि गठित राष्ट्रिय स्तरको छाता संगठन हो। सन् १९९५ मा ८ जिल्ला बहिरा संघहरुको पहलकदमीमा स्थापना भएको यस महासंघमा हालसम्म ५४ जिल्ला बहिरा संघहरु आबद्ध रहेका छन्। देशको संघीय संरचना अनुसार महासंघ अन्तर्गत ७ वटै प्रदेश समितिहरु गठन भै क्रियाशिल रहेका छन्। यो संस्था जिल्ला प्रशासन कार्यालय काठमाडौँ र समाज कल्याण परिषदमा दर्ता भएको एक गैरसरकारी, गैरराजनीतिक, गैरनाफामुखी सामाजिक संस्था हो। सन् १९९६ मा अन्तर्राष्ट्रिय मानव अधिकार संगठन, विश्व बहिरा महासंघ (WFD) र क्षेत्रीय सचिवालय (WFD RS A/P) सँग आबद्ध रहेको छ।

महासंघले बहिरा व्यक्तिहरूको अधिकार सुनिश्चित गर्न कानूनी प्रावधानहरूका लागि वकालत गर्दै आएको छ। नेपाली साङ्केतिक भाषाको विकास, विभिन्न सामग्री निर्माण, तालिम सञ्चालन तथा प्रचार-प्रसार, जिल्ला बहिरा संघहरुको स्थापना तथा क्षमता विकास, साङ्केतिक भाषाका दोभाषे उत्पादन तथा बहिरा व्यक्तिहरूको लागि दोभाषे सेवाका साथै जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्दै आएको छ। महासंघले बहिरा बालबालिकाहरुको गुणस्तरीय शिक्षा, संचार, श्रवणदृष्टि विहीन बालबालिकाको पहिचान, श्रोत केन्द्रको स्थापना गरी शैक्षिक विकास, शिक्षक तालिम, स्वास्थ्य सेवामा पहुँच, बहिरा नागरिकहरुलाई रोजगार तालिम तथा अधिकारको वकालत, न्यायमा पहुँच, प्राकृतिक प्रकोपबाट सुरक्षा लगायत समाजमा समानता र भेदभावरहित वातावरण निर्माण, बहिरा संस्कृतिको प्रवर्धन लगायतका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

थप अपडेटको लागी वेवसाइट, फेसबुक, ट्वीटर र युटुब हेर्दै गर्नुहोला।


## हाम्रो सम्पर्क:

**राष्ट्रिय बहिरा महासंघ नेपाल (National Federation of the Deaf-Nepal)**

पो.ब.नं. ११३३८,काठमाडौँ, नेपाल, फोन/फ्याक्स ९७७-१-४४३५५१४, ९८५११४४८०१ (SMS),

इमेल: info@deafnepal.org.np, admin@deafnepal.org.np

वेबसाइट : www.deafnepal.org.np

राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

"बहिरा आवाज"

वर्ष -०४ अंक - ३३, २०८३ असार

# यस अंक भित्रः

**विषय-सूची** **पेज**

१. बहिरा महिलाहरुका लागि दुई दिने क्षमता विकास तालिम सम्पन्न - ३
२. मधेश प्रदेश समितीको कार्यालय स्थापना - ४
३. श्रवणदृष्टि विहीन युवा क्याम्प तथा अभिभावक कार्यशाला सम्पन्न - ४
४. कोशी अस्पतालमा नवजात शिशुको सुनाइ परीक्षण सेवा सुरु - ५
५. यौन तथा प्रजनन स्वास्थ्य र अधिकार बारे सचेतना अभिवृद्धिका लागि समुदाय स्तरीय दौतरी शिक्षा कार्यक्रम सम्पन्न - ६
६. श्रवणदृष्टिविहीनता भएका व्यक्तिहरूको दोस्रो अन्तर्राष्ट्रिय दिवस देशभर विविध कार्यक्रमसहित सम्पन्न - ६
७. भरतपुर महानगरपालिकाद्धारा राष्ट्रिय बहिरा महासंघ नेपाललाई प्रशंसा पत्र प्रदान - ८
८. कोशी प्रदेशमा दोभाषे सेवा परिचालन वार्षिक समीक्षा कार्यक्रम सम्पन्न - ९

**विविध**

९. सुनसरी बहिरा संघको अधिवेशन सम्पन्न - १०
१०. लुम्बिनी बहिरा संघको अधिवेशन सम्पन्न - १०

**प्रकाशित समाचारबाट**

- कोशी प्रदेश सभामा पहिलो पटक सांकेतिक भाषाको प्रयोग - १०
- Deaf People Are Finally Seen as Equal Citizens - १०

NDFN 1995

# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# “बहिरा आवाज”

वर्ष -०४ अंक - ३३, २०८३ असार

## १. बहिरा महिलाहरुका लागि दुई दिने क्षमता विकास तालिम सम्पन्न

राष्ट्रिय बहिरा महासंघ नेपाल मधेश प्रदेश समितीको आयोजना तथा माईराइटको सहयोगमा बहिरा महिलाहरुका लागि दुई दिने क्षमता विकास तालिम बर्दिबास, महोत्तरीमा मिति २०८३ असार १३ र १४ गते सम्पन्न भएको थियो ।



*सहभागीहरु छलफलको क्रममा*

मधेश प्रदेशका ८ जिल्लाबाट ३२ जना बहिरा महिलाहरूको सहभागिता रहेको थियो । उक्त तालिममा बहिरा महिलाहरूलाई अधिकारको संरक्षण, नेतृत्व विकास, आत्मविश्वास अभिवृद्धि, लैङ्गिक समानता, कानुनी अधिकार, सामाजिक समावेशीकरण विषयमा प्रशिक्षण प्रदान गरिएको थियो । तालिममा सहभागी महिलाहरूले दैनिक जीवनमा भोग्नुपरेका समस्या, शिक्षा, स्वास्थ्य, रोजगारी तथा सार्वजनिक सेवामा पहुँचका क्रममा सामना गर्नुपरेका चुनौतीबारे अनुभव आदानप्रदान गराउनुका साथै उनीहरूलाई समस्या समाधानका उपाय, संस्थागत समन्वय र नेतृत्व विकासका व्यावहारिक सीपबारे दिइएको थियो ।




*सामुहिक फोटो लिदै*

उद्धाटन कार्यक्रमका प्रमुख अतिथि बर्दिबास नगरपालिका प्रमुख प्रहलाद क्षेत्रीले बहिरा समुदायको लागि भवन निर्माणको लागि आवश्यक बजेट यसै वर्ष विनियोजन गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो । राष्ट्रिय बहिरा महासंघ नेपालका अध्यक्ष सन्तोष केसिले नेपालको संविधानले अपाङ्गता भएका व्यक्तिलाई प्रदान गरेका अधिकार, स्थानीय सरकारबाट उपलब्ध सेवा-सुविधा, महिला हिंसा न्यूनीकरण, लैङ्गिक समानता तथा समावेशी विकासका तालिमले सहयोग पुग्ने बिश्वास ब्यक्त गर्नुभयो । बहिरा महिलाहरूले समाजमा अपाङ्गता र महिला गरि दोहोरो विभेदको सामना गर्नुपरेका महिलाहरुले तालिमले आफुहरुलाई आफ्नो हकअधिकारका लागि आवाज उठाउन, समुदायमा नेतृत्वदायी भूमिका निर्वाह गर्न तथा आत्मनिर्भर बन्न यस कार्यक्रमले प्रेरणा क्षमता बिकास गरेको बताएका थिए ।

- थप विवरण यहाँ हेर्नुहोस् ।

NDFN
1995

# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# “बहिरा आवाज”

वर्ष -०४ अंक - ३३, २०८३ असार

## २. मधेश प्रदेश समितीको कार्यालय स्थापना



कार्यालय उद्घाटन गर्नुहुदै

राष्ट्रिय बहिरा महासंघ नेपाल मधेश प्रदेश समितीको कार्यालय जनकपुरमा स्थापना गरिएको छ। राष्ट्रिय बहिरा महासंघ नेपालका अध्यक्ष सन्तोष के. सी. ले हालै मधेश प्रदेश समितिको कार्यालयको जनकपुरमा उद्घाटन गर्नुभएको थियो । माइराइट परियोजनाको सहयोग अन्तर्गत स्थापित प्रदेश कार्यालयले मधेस प्रदेशमा रहेका बहिरा नागरिकहरूको आपसी छलफल, सेवा, वकालत पैरवी, पहुँच, प्रतिनिधित्व, सहभागिता र अधिकार प्राप्तिमा ठुलो सहयोग पुग्ने अपेक्षा महासंघले राखेको छ।

## ३. श्रवणदृष्टि विहीन युवा क्याम्प तथा अभिभावक कार्यशाला सम्पन्न

राष्ट्रिय बहिरा महासंघ नेपालको आयोजना तथा नेलम्बोको सहयोगमा ४ दिने श्रवणदृष्टि विहीन युवा क्याम्प र अभिभावक राष्ट्रिय कार्यशाला मिति २०८३ असार ५ गते देखि ८ गते सम्म नयाँगाउँ, कास्कीमा सफलतापूर्वक सम्पन्न भएको थियो। श्रवणदृष्टि विहीन बालबालिका तथा युवाहरु र उनीहरुका अभिभावकहरुलाई गमनशिलता, जिवीकोपार्जन तथा डिजिटल सम्बन्धी अभिमुखिकरण तथा व्यवहारिक ज्ञान प्रदान गरिएको थियो । श्रवणदृष्टि विहीनता भएका व्यक्ति उनीहरुका अभिभावक, नेपाली साङ्केतिक भाषा दोभाषे र सहयोगी गरी कुल ६० जना (३२ महिला र २८ पुरुष) को सहभागिता रहेको थियो।




उद्घाटन कार्यक्रममा

उक्त कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथी गण्डकी प्रदेशका माननीय स्वास्थ्य मन्त्री लक्ष्मण बहादुर पाण्डेले श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरुलाई सिकाइ निरन्तर आवश्यक रहेको र उनीहरुको सूचना जानकारी प्राप्त गर्न अधिकार महत्वपुर्ण रहेको बताउनु भएको थियो।

जिल्ला प्रहरी कार्यालय कास्कीका अधिकारीहरूद्वारा इन्टरनेट तथा सामाजिक सञ्जालको सुरक्षित प्रयोग, साइबर अपराध र यस सम्बन्धी कानूनी प्रक्रियाबारे सहजीकरण गर्नुभएको थियो । सहभागीहरूले स्थानीय कालिज तथा मौरीपालन फार्म र व्यावसायिक कृषि अवलोकन गरेका थिए । दोस्रो दिन बिहान सराङकोटको पदयात्रा गर्दै गमनशिलताको अभ्यास गरिएको थियो । एनईएमबी बैंकका कर्मचारीबाट बचत र डिजिटल बैंकिङको सुरक्षित प्रयोग सम्बन्धि वित्तीय साक्षरता तालिम दिइएको थियो। जिल्ला प्रहरी कार्यालय कास्कीका प्रतिनिधिले साइबर सुरक्षासम्बन्धी तालिम



कार्यक्रममा सहभागीहरु

प्रदान गर्नुभएको थियो। तालिमले उनीहरू र उनीहरूका अभिभावकहरुको वित्तीय साक्षरता र साइबर सुरक्षा सम्बन्धि बुझाइ बिकास गर्न मद्दत गरेको थियो। तेस्रो दिन सहभागीहरूले २,००० मिटर उचाइमा रहेको ऐतिहासिक कास्कीकोट गढीको पदयात्रा पश्चात दिगो जीविकोपार्जन सत्रमा सरकारी अनुदान, छुट र साना व्यवसायका विचारहरूबारे छलफल गरिएको थियो। कार्यक्रमको चौथो दिन वाटर पार्कमा पूर्ण सुरक्षा उपायहरूसहित पौडी, वाटर स्लाइड र Deep Pools र साहसी खेलको अनुभव लिएका थिए। जहाँ पूर्ण श्रवणदृष्टि विहीन बालबालिकाहरूले पानीप्रतिको डरलाई जितेर पूर्ण आत्मविश्वासका साथ जल गतिविधिहरूमा सहभागिता जनाएका थिए। श्रवणदृष्टि विहीन युवा तथा बालबालिकाहरुको सक्रिय सहभागिता रहेको उक्त एकीकृत क्याम्पले उनीहरुको क्षमता बिकास, आत्मबल गर्नमा ठूलो सहयोग पुगेको छ। साङ्केतिक भाषा दोभाषे र सहयोगीहरूको माध्यमबाट समग्र कार्यक्रमलाई पूर्ण पहुँचयुक्त बनाइएको थियो। पहुँचयुक्त वातावरण निर्माण गर्दा अपाङ्गता भएका व्यक्तिहरूले जुनसुकै चुनौती पन्छाएर अघि बढ्न सक्छन् भन्ने सन्देश यस कार्यक्रमले दिएको छ।



सामुहिक फोटो

## ४. कोशी अस्पतालमा नवजात शिशुको सुनाइ परीक्षण सेवा सुरु

राष्ट्रिय बहिरा महासंघ नेपाल र बहिरा-दृष्टिविहिन अभिभावक समाज-मोरङको संयुक्त आयोजना तथा Sense International को सहयोगमा मिति २०८३ असार १२ गते विराटनगरस्थित कोशी प्रादेशिक अस्पताललाई नवजात शिशुको सुनाइ परीक्षणका लागि दुईवटा आधुनिक उपकरण (OAE र OAE-AABR) औपचारिक रूपमा हस्तान्तरण गरिएको थियो। सुनाइसम्बन्धी समस्या समयमै पहिचान हुन नसकेका कारण बालबालिकाको भाषा विकास, सिकाइ तथा समग्र विकासमा दीर्घकालीन असर पर्ने गरेकोले यो सेवा नेपालमा नवजात शिशुको प्रारम्भिक सुनाइ परीक्षणको महत्वपूर्ण सुरुवातका रूपमा लिइएको हो। यससँगै कोशी अस्पताल नवजात शिशुको सुनाइ परीक्षण सेवा सञ्चालन गर्ने नेपालकै पहिलो सरकारी अस्पतालबाट सुरु हुने जनाईएको छ। यस कार्यक्रमअन्तर्गत प्रसूति तथा नवजात शिशु वार्डका १५ जना स्वास्थ्यकर्मीलाई दुई दिने नवजात शिशुको सुनाइ परीक्षणसम्बन्धी व्यावहारिक तालिम पनि प्रदान गरिएको थियो। तालिमपश्चात स्वास्थ्यकर्मीहरूले जन्मेको प्रारम्भिक अवस्थामै शिशुको सुनाइ परीक्षण गरी आवश्यक परामर्श, थप परीक्षण तथा उपचारका लागि सम्बन्धित सेवामा समयमै रेफरल गर्नेछन्। यो पहल नेपालमा प्रत्येक बालबालिकाको सुनाइसम्बन्धी समस्या समयमै पहिचान गर्ने, प्रारम्भिक सहयोग सुनिश्चित गर्ने एक महत्वपूर्ण ऐतिहासिक कदमका रूपमा रहेको छ।



अस्पताललाई औपचारिक रुपमा हस्तान्तरण गर्दै,

- थप विवरण मैथिली अनलाइन भिडियो यहाँ हेर्नुहोस्।

## ५. यौन तथा प्रजनन स्वास्थ्य र अधिकारबारे सचेतना अभिवृद्धिका लागि समुदाय स्तरीय दौतरी शिक्षा कार्यक्रम सम्पन्न

एम्प्लिफाई चेन्जको सहयोगमा साझेदार संस्था नेत्रहीन युवा संघ नेपालको आयोजनामा मिति २०८३ असार ३१ र ३२ गते, रुपन्देहीमा यौन तथा प्रजनन स्वास्थ्य र अधिकार (SRHR)बारे सचेतना अभिवृद्धिका लागि समुदाय स्तरीय दौतरी शिक्षा कार्यक्रम बैठक सम्पन्न भएको थियो। अपाङ्गता भएका व्यक्तिहरूमा यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकार, बृहत्तर यौनिकता शिक्षा, महिनावारी स्वास्थ्य व्यवस्थापन तथा युवामैत्री स्वास्थ्य सेवासम्बन्धी आयोजना गरिएको थियो। २९ जना दृष्टिविहीन, बहिरा तथा शारीरिक अपाङ्गता भएका व्यक्तिहरूको सक्रिय सहभागिता रहेको थियो। सहकर्मी सिकाइ, समूह छलफल तथा अन्तरक्रियात्मक अभ्यासमार्फत सहभागीहरूले आफ्ना अनुभव आदानप्रदान गर्दै SRHR सम्बन्धी व्यवहारिक ज्ञान हासिल गरेका थिए। कार्यक्रममार्फत सहभागीहरूमा अपाङ्गता र अपाङ्गताका प्रकारहरू, मानव अधिकार तथा यौन तथा प्रजनन स्वास्थ्य र अधिकार (SRHR), महिनावारी स्वास्थ्य व्यवस्थापन, गर्भावस्था तथा गर्भनिरोधका साधनहरू, सुरक्षित गर्भपतन, यौन सम्पर्कबाट सर्ने संक्रमण तथा एचआईभी/एड्स, लैङ्गिक तथा यौनजन्य हिंसा, र युवा-मैत्री स्वास्थ्य सेवा सम्बन्धी ज्ञान र सचेतना एवं अपाङ्गतामैत्री स्वास्थ्य सेवाको उपयोगप्रति आत्मविश्वास अभिवृद्धि भएको छ।



*परियोजनाको उदेश्यबारे जानकारी दिदै,*



*प्रशिक्षकद्धारा प्रयोग बिधिबारे प्रशिक्षण दिदै,*

## ६. श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरूको दोस्रो अन्तर्राष्ट्रिय दिवस देशभर विविध कार्यक्रमसहित सम्पन्न

श्रवणदृष्टिविहीनता भएका व्यक्तिहरूको दोस्रो अन्तर्राष्ट्रिय दिवसका अवसरमा राष्ट्रिय बहिरा महासंघ नेपाल तथा साझेदार संस्थाहरूको सहकार्यमा मिति २०८३ असार १३ गते देशभर विभिन्न जनचेतनामूलक, समावेशी तथा अधिकारमुखी कार्यक्रमहरू सम्पन्न भएका थियो। उक्त दिवसले श्रवणदृष्टिविहीनता भएका व्यक्तिहरूको पहिचान, अधिकार, पहुँचयुक्त सेवा तथा समावेशी समाज निर्माणको महत्वलाई राष्ट्रिय स्तरमा उजागर गर्ने अवसर प्रदान गरेको थियो। काठमाडौंमा बहिरा-दृष्टिविहीन अभिभावक

NDFN
1995

# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# “बहिरा आवाज”

वर्ष -०४ अंक - ३३, २०८३ असार

समाजको नेतृत्वमा रत्नपार्कदेखि रानीपोखरीसम्म करिब २०० जनाको सहभागितामा जनचेतनामूलक र्‍याली आयोजना गरिएको थियो । कार्यक्रममा श्रवणदृष्टिविहीनता भएका व्यक्तिहरूका लागि व्यक्तिगत सहयोगी सेवा (Personal Assistance Service) को आवश्यकता तथा कानुनी सुनिश्चितताका विषयमा आवाज उठाइएको थियो। कार्यक्रममा राष्ट्रियसभा सदस्य पदम परियार र प्रतिनिधिसभा सदस्य प्रेम वयकले आवश्यक कानुनी व्यवस्था गर्न सकारात्मक प्रतिबद्धता व्यक्त गरेका थिए।



*जनचेतनामूलक र्‍याली काठमाण्डौमा*

श्रवणदृष्टि विहिन अभिभावक समाज रुपन्देहीको आयोजनामा अभिभावकहरूले आफ्ना अनुभव र भोगाइहरू साझा गर्दै जनचेतनामूलक सडक र्‍याली कार्यक्रम गरेका थिए ।




*जनचेतना र्‍याली रुपन्देहीमा*

धनगढीमा बहिरा संघ कैलालीको आयोजनामा दीप प्रज्वलन कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा स्थानीय जनप्रतिनिधिहरूले समावेशी विकासका लागि निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए।




*दिप प्रज्वलन कार्यक्रम धनगढ़ीमा*

राष्ट्रिय बहिरा महासंघ नेपालको सहयोग तथा रेडक्रसग्राम माध्यमिक विद्यालय र बालकुमारी माध्यमिक विद्यालय चितवनको आयोजनामा ३६ जना बालबालिकाको सहभागितामा समावेशी चित्रकला प्रतियोगिता तथा चकलेट दौड आयोजना गरिएको थियो । सबै सहभागी बालबालिकालाई समान रूपमा सम्मान तथा पुरस्कार प्रदान गरिएको यस कार्यक्रमले अपाङ्गता भएका र नभएका बालबालिकाबीच सहकार्य, आत्मीयता तथा आपसी समझदारी अभिवृद्धि गर्न योगदान पुर्‍याएको थियो। त्यसैगरी, श्रवणदृष्टि विहिन अभिभावक समाज मोरङको



*चित्रकला प्रतियोगिता चितवनमा*




*चित्रकला प्रतियोगीता मोरङमा*

NDFN
1995

# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# “बहिरा आवाज”

वर्ष -०४ अंक - ३३, २०८३ असार

आयोजनामा विराटनगरस्थित श्री आदर्श माध्यमिक विद्यालयमा पनि चित्रकला प्रतियोगिता तथा सम्मान कार्यक्रम आयोजना गरिएको थियो।

पोखरामा श्रवणदृष्टिविहीन संघ नेपालको नेतृत्वमा ९२ जना धावकको सहभागितामा जनचेतनामूलक दौड प्रतियोगिता सम्पन्न भएको थियो।



*९२ जना धावकहरु पोखरामा*

यसै अवसरमा काठमाडौं विश्वविद्यालयमा श्रवणदृष्टिविहीनता विषयक नेपालको पहिलो शैक्षिक पाठ्यक्रमको शुभारम्भ गरिएको थियो। उक्त शुभारम्भ कार्यक्रममा १६ जना प्रशिक्षार्थी सहभागी भएका थिए। जसले यस क्षेत्रमा दक्ष जनशक्ति विकास तथा अध्ययन-अनुसन्धानलाई थप सुदृढ बनाउने अपेक्षा गरिएको थियो। देशका विभिन्न स्थानमा सम्पन्न यी कार्यक्रमहरूले श्रवणदृष्टिविहीनता भएका व्यक्तिहरूको अधिकार, सहभागिता र नेतृत्व प्रवर्द्धन गर्दै समावेशी समाज निर्माणप्रति राष्ट्रिय ऐक्यबद्धता र प्रतिबद्धतालाई थप सशक्त बनाएका छ। राष्ट्रिय बहिरा महासंघ नेपालले साझेदार संस्था, अभिभावक समूह, विद्यालय, स्वास्थ्य संस्था, स्थानीय तह तथा अन्य सरोकारवालासँगको सहकार्यमा श्रवणदृष्टिविहीनता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित गर्न निरन्तर पहल गर्दै आएको छ।




*पहिलो शैक्षिक पाठ्यक्रमको शुभारम्भको क्रममा सहभागीहरु*

- थप विवरण City One Television यहाँ हेर्नुहोस्।
- थप विवरण अनलाइन खबर समाचार यहाँ हेर्नुहोस् ।

## ७. भरतपुर महानगरपालिकाद्धारा राष्ट्रिय बहिरा महासंघ नेपाललाई प्रशंसा पत्र प्रदान

भरतपुर महानगरपालिका नगरसभाको १९ औ अधिवेशनको अवसरमा भरतपुर महानगरपालिकाले राष्ट्रिय बहिरा महासंघ नेपाललाई भरतपुर महानगरपालिका क्षेत्रभित्र जटिल तथा बहुअपाङ्गता भएका बालबालिकाहरुको लागि समाबेशी शिक्षामा पुऱ्याएको उल्लेखनीय योगदानको कदर गर्दै मिति २०८३ असार १० गते प्रशंसापत्रसहित सम्मान गरिएको थियो। सम्मानपत्र भरतपुर महानगरपालिकाका कार्यवाहक नगर प्रमुख चित्रसेन अधिकारीले राष्ट्रिय बहिरा महासंघ नेपालको तर्फबाट चितवन शाखाका परियोजना संयोजक उत्तम गुरुङलाई प्रदान गरेको थियो। भरतपुर महानगरपालिका क्षेत्रमा श्रवणदृष्टिविहीन तथा बहुअपाङ्गता भएका




*प्रशंसा पत्र*

बालबालिकाका लागि समावेशी शिक्षा प्रवर्द्धन गर्दै उनीहरूको शिक्षा प्राप्त गर्ने संवैधानिक तथा कानुनी अधिकार सुनिश्चित गर्न राष्ट्रिय बहिरा महासंघ नेपालले पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन गर्दै उक्त सम्मान प्रदान गरिएको हो। यस सम्मानले समावेशी शिक्षा प्रवर्द्धन तथा अपाङ्गता भएका बालबालिकाको अधिकार सुनिश्चित गर्ने अभियानमा महासंघको निरन्तर प्रतिबद्धतालाई थप प्रोत्साहन प्रदान गरेको छ।

## ८. कोशी प्रदेशमा दोभाषे सेवा परिचालन वार्षिक समीक्षा कार्यक्रम सम्पन्न

राष्ट्रिय बहिरा महासंघ नेपाल कोशी प्रदेश समितीको आयोजना तथा सामाजिक विकास मन्त्रालय, कोशी प्रदेशको सहयोगमा आर्थिक वर्ष २०८२/०८३ को सांकेतिक भाषा दोभाषे सेवा परिचालन वार्षिक समीक्षा कार्यक्रम मिति २०८३ असार १७ गते बिराटनगरमा सम्पन्न भएको थियो। कोशी प्रदेशका जिल्ला बहिरा संघका अध्यक्षहरु, जिल्लाका कार्यरत सांकेतिक भाषा दोभाषेहरु तथा प्रतिनिधिहरु गरि ३५ जनाको सहभागिता रहेको थियो। उक्त कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि सामाजिक विकास मन्त्रालय कोशी प्रदेशका मन्त्री रामप्रसाद महतोले विगत केही वर्षदेखि निरन्तर सञ्चालन हुँदै आएको सांकेतिक भाषा दोभाषे सेवा कार्यक्रमलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिंदै आवश्यक बजेट व्यवस्था गरिने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। विशेष अतिथी सोही मन्त्रालयका प्रदेश सचिव उद्धवप्रसाद रिजाल सांकेतिक भाषा दोभाषे सेवालाई थप प्रभावकारी, व्यवस्थित र दीर्घकालीन बनाउन आवश्यक कार्यविधि तयार गरी कार्यान्वयन गरिने र सम्बन्धित जिल्लाका सदरमुकामस्थित स्थानीय तहहरूमा यस सेवाका लागि बजेट व्यवस्था भइसकेको जानकारी दिँदै प्रभावकारी कार्यान्वयनमा जोड दिनुभएको थियो। कार्यक्रममा आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन गरिएको सांकेतिक भाषा दोभाषे सेवाको उपलब्धि, प्रभावकारिता, अनुभव, देखिएका चुनौती तथा आगामी दिनमा सेवालाई अझ गुणस्तरीय, प्रभावकारी र पहुँचयोग्य बनाउने विषयमा सहभागीहरूबीच व्यापक छलफल भएको थियो। छलफलबाट सेवा विस्तार, क्षमता अभिवृद्धि, बजेट सुनिश्चितता तथा प्रभावकारी कार्यान्वयनका लागि विभिन्न महत्वपूर्ण सुझावहरू प्रस्तुत गरिएको थियो।



कार्यक्रमको उद्घाटन गर्नुहुदै मन्त्री



सामुहिक तस्बिर

राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# "बहिरा आवाज"

वर्ष -०४ अंक - ३३, २०८३ असार

## विविध

### ९. सुनसरी बहिरा संघको अधिवेशन सम्पन्न



*नवनिर्वाचित कार्यसमितिहरुको सामुहिक तस्बिर*

मिति २०८३ असार ६ गते सम्पन्न सुनसरी बहिरा संघको १५ औँ अधिवेशनबाट अध्यक्ष प्रकुल राईको नेतृत्वमा ११ सदस्यीय नयाँ कार्यसमिति निर्वाचित भएको छ । नयाँ कार्यसमितिमा उपाध्यक्ष - जानुका बन राई, महासचिव - एविन लिम्बु, सचिव-सोफिया ठटाला, कोषाध्यक्ष - सहवीर राई र सदस्यहरुमा - प्रतिदा चालिसे, तुलसा अधिकार, धनजित राई, वैदनाथ चौधरी, कमल लिम्बु र सुजाता गच्छदार निर्वाचित भएको छन् ।

### १०. लुम्बिनी बहिरा संघको अधिवेशन सम्पन्न

मिति २०८३ असार २० गते सम्पन्न लुम्बिनी बहिरा संघको १७औ वार्षिक साधारण सभा तथा १५औ अधिवेशनबाट अध्यक्ष गोविन्द प्रसाद भण्डारीको नेतृत्वमा ९ सदस्यीय नयाँ कार्यसमिति निर्वाचित भएको छ। नयाँ कार्यसमितिमा उपाध्यक्ष - सरस्वती थापा महत, महासचिव - कृष्ण शाही, कोषाध्यक्ष - सन्तोष आले र सदस्यहरुमा - असरफ अलि, शिव कुमार, सन्जु गुरुङ, दामी आर्चाय र अब्दुल अली निर्वाचित भएको छन् ।




*नवनिर्वाचित कार्यसमितिहरुको सामुहिक तस्बिर*

## प्रकाशित समाचारबाट

- अनलाइन खबरले प्रकाशित गर्नेको समाचार शिर्षक "कोशी प्रदेश सभामा पहिलो पटक सांकेतिक भाषाको प्रयोग" यहाँ हेर्नुहोस् ।
- Disability Justice Project ले प्रकाशित गरेको समाचार शिर्षक " Deaf People Are Finally Seen as Equal Citizens" यहाँ हेर्नुहोस् ।

**हाम्रा साझेदार संस्थाहरु :-**




**"साङ्केतिक भाषामा सञ्चार गर्न पाउने बहिरा नागरिकको नैसर्गीक अधिकार सुनिश्चित गर्नु सरकारको दायित्व हो ।"**

* समाप्त !!! *

**सचेतनामूलक सूचना सामाग्री :**

